# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

प्रधान कार्यालय, बुटवल

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प.सं. २०७८/७९
च.नं./क.स/९९

मिति:-२०७८/११/०६

श्री नेपाल स्टकएक्सचेन्ज लि.
सिंहदरवार, प्लाजा
काठमाडौं ।

विषय :- संस्थाको सातौं वार्षिक साधारण सभा बस्ने तथा शेयर दाखिल खारेज दर्ता बन्द गर्ने वारेको जानकारी सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा नेपाल राष्ट्र बैंकको मिति २०७८/१०/२० गतेको पत्र मार्फत संस्थाको आ.व.२०७७/७८ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृति प्राप्त भएको र संस्थाको सञ्चालक समितिको मिति २०७८/११/०२ गतेका दिन बसेको १९० औं बैठकबाट सातौं वार्षिक साधारण सभा मिति २०७८/११/२८ गते शनिवार विहान ११:०० बजे भर्चुअल/(Zoom) माध्यमबाट प्रधान कार्यालय, बुटवलमा बोलाइएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ । साधारण सभा प्रयोजनका लागि सञ्चालक समितिको बैठकले मिति २०७८/११/१७ गते देखि मिति २०७८/११/२८ गते सम्म शेयर दाखिल खारेज बन्द गर्ने निर्णय गरेको हुँदा सो को जानकारीका लागि समेत अनुरोध गर्दछौं । वार्षिक साधारण सभा सम्बन्धी मिति २०७८/११/०६ गते प्रथम पटक आर्थिक कारोवार दैनिकमा प्रकाशित सूचना यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

बोधार्थ
शेयर रजिष्ट्रार
श्री प्रभु क्यापिटल लि.
कमलादी, काठमाण्डौं ।

भवदीय

(श्याम कुमार कटुवाल)
का.मु.प्रमुख कार्यकारी अधिकृत

फोन नं.०७१-४३८९५१, ४३८९५३ फ्याक्स नं.०७१-४३८९५४वेभसाइट :www.gblbs.com.np, E-mail:info@gblbs.com.np

साविकको नेपाल ग्रामीण विकास बैंक लि.

*मिति २०७८/११/०६ गते कारोबार दैनिकमा प्रथम पटक प्रकाशित सूचना*

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

प्रधान कार्यालय, बुटवल

## सातौं वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/११/०६ )

यस संस्थाको मिति २०७८/११/०२ गते बसेको सञ्चालक समितिको १९० औं बैठकको निर्णयानुसार संस्थाको सातौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा भर्चुअल माध्यमबाट सञ्चालन हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन,२०६३ को दफा (६७) तथा संस्थाको नियमावलीको नियम (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मितिः २०७८ फाल्गुन २८ गते शनिबार, तदनुसार मार्च १२, २०२२

समयः बिहान ११:०० बजे ।

स्थानः ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रधान कार्यालय बुटवल (साधारण सभा विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन हुनेछ ) ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ को जोखिमबाट सुरक्षित हुन नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र सीमाभित्र रहनु पर्ने अवस्थाका कारण साधारण सभामा प्रस्तुत हुने विषयहरु उपर छलफल गर्न सूचना प्रविधिको प्रयोग गरी विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सहभागी हुन अनुरोध छ । साथै, साधारण सभाको भर्चुअल मिटिङ्गको लि. शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ईमेल ठेगानामा पठाइनेछ ।

**छलफलका विषयसूचीहरुः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षले संस्थाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरण, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।

३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. यस संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा समसामयिक विषयमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit)गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवम् अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरुसँग सम्वन्धित आवश्यक सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणले संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(ग) विविध:

नेपाल सरकार,अर्थमन्त्रालयसँग सहुलियतपूर्ण ऋणका लागि अनुरोध गर्ने सम्बन्धमा ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्वन्धी अन्य जानकारी :**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८/११/१७ देखि मिति २०७८/११/ २८ गतेसम्म संस्थाको शेयरधनी दर्ता किताव बन्द रहनेछ ।
२. मिति २०७८/११/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई शेयर नामसारी भएका शेयरधनीहरुले मात्र संस्थाको सातौं वार्षिक साधारण सभामा सहभागी हुन पाउनेछन् ।
३. विश्वव्यपी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गरी संस्थाको साधारण सभा सम्पन्न गर्न विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट सभामा सहभागी भइदिनुहुन शेयरधनी महानुभावहरुमा अनुरोध छ ।
४. विद्युतीय/भर्चुअल (Zoom) माध्यम मार्फत सहभागी हुन शेयरधनी महानुभावहरुलाई संस्थाको तर्फबाट User ID र Password उपलब्ध गराइनेछ ।
५. साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगावै विद्युतीय/भर्चुअल (Zoom) प्रणाली खुल्ला गरिनेछ । सो समय अगावै सभामा सहभागी हुन चाहने शेयरधनीहरुले संस्थाबाट प्रदान गरिएको User ID र Password को माध्यमबाट Login गरी आफ्नो परिचय, शेयरधनी नं./ हितग्राही खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनु पर्नेछ ।

६. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुको हाजिरी निजहरुले गरेको Login मार्फत Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा संचालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ । यस किसिमको उपस्थितिलाई सभा हलमा उपस्थित भए सरहको मान्यता दिइनेछ ।

७. विद्युतीय/भर्चुअल(Zoom) माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले agm@gblbs.com.np मा इमेल गरी साधारण सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम टिपाउनु पर्नेछ ।

८. शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत वित्तीय संस्था सम्वन्धी केही जिज्ञासा भए साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवको इमेल मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई तोकिएको ढाँचा (प्रोक्सी नियुक्तिको निवेदनको ढाँचा संस्थाको वेबसाइटमा राखिएको छ ) बमोजिमको प्रोक्सी फाराम भरी प्रतिनिधि नियुक्त गरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा आगावै अर्थात मिति २०७८/११/२६ गते बिहान ११:०० बजेभित्र संस्थाको प्रधान कार्यालय, बुटवलमा दर्ता गराई सक्नु पर्नेछ ।

९. संस्थाको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन, त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । रितपूर्वक नियुक्त भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र सभामा सहभागी गराइने छ ।

१०.संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत रुपमा नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

११.संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट यस संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न पाउनेछन् ।

१२.संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाहरुद्वारा मनोनित व्यक्तिले ल्याउने प्रतिनिधि (प्रोक्सी) फाराममा  संस्थाको छाप भएको हुनु पर्नेछ ।

१३.विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट वार्षिक साधारण सभामा भाग लिदा/प्रोक्सी दर्ता गर्दा आफ्नो परिचय  खुल्ने प्रमाणपत्र अनिवार्य  रुपमा पेश गर्नु पर्नेछ ।

१४.शेयरधनी महानुभावहरुले कम्पनी ऐन,२०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/७८को वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारीहरु संस्थाको वेबसाइट www.gblbs.com.np बाट प्राप्त गर्न सकिनेछ ।

१५.शेयरधनी महानुभावहरुले संस्थाका कम्पनी सचिवको इमेल katuwalshyam63@gmail.com मार्फत समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नु हुनेछ ।

१६.साधारण सभामा सहभागी भए बापत कुनै किसिमको  खर्च रकम संस्थाले प्रदान गर्ने छैन । साधारण सभा सम्वन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयभित्र संस्थाको प्रधान कार्यालयको फोन नं.०७१-४३८९५२/४३८९५१ मा सम्पर्क राख्न सकिनेछ ।